# ९ जनशक्ति व्यवस्थापन

## पृष्ठभूमि

कुनै पनी संगठित संघ संस्थाहरु ब्यवस्थित ढंगले संञ्चालन गर्न योग्य सक्षाम र कुशल जनशक्तिको आवस्यक पर्ने कुरामा दुइमत छैन ।स्थापना भएको करिव सात बर्षको अवधिमा शुन्यताबाट शुरु गरी स्वास्थ्य सेवाको जनशक्तीलाइ एउटा लयमा पुर्याउन गण्डकी प्रदेश सरकार प्रयत्नशिल छ। समायोजनका बखत न्यून जनशक्ती समायोजन भएर आएता पनी क्रकश पदपुर्ति हुदै गएका छन । यस बर्ष मात्र ११५ जना माग आकृर्ती फरम भरी लोक सेवा आयोगमा पठाइएको छ। आ.व.७९/८० सातौं, नबौं र एघारौं तहका पदहरुमा पदपुर्ती भइ सेवा प्रदान गर्न शुचारु भएको छ। अव भएका जनशक्तिलाइ उचित तालिम र प्रशिक्षणाको माध्यम बाट सक्षम बनाइ स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने देखीन्छ । स्वास्थ्य सस्थाहरुमा भएका उपकरणहरु प्रयोगमा ल्याउन तालिमको महत्वपुर्ण भुमिका रहन्छ ।दक्ष जनशक्ति भएको ठाउमा उपकरण उपलब्ध गराउने र उपकरण भएको ठाउमा दक्ष जनशक्ति उपलब्ध गराउन तादमेयता मिलाउनु पर्ने देखिन्छ ।

तालिका नं. १ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत स्वीकृत दरबन्दी र पदपूर्ति विवरण

| सि.नं | अस्पताल /कार्यालय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रदेश स्तरिय कार्यालय | १३५ | १०१ | ३४ | चिकित्सक,आयुर्वेद चिकित्सक, मेडिकल अधिकृत, डेन्टल अधिकृत, जन स्वास्थ्य अधिकृत लगाएतका पदहरुमा कार्यरत कर्मचारीहरु अध्ययन बिदमा रहेकोले कार्यालयको दैनिक कामकाजमा समस्या परेकोले अध्ययन बिदामा जाने चिकित्सकको ठाउमा बैकल्पिक ब्यवस्था गर्न नीतिगत रूपमा तयारी गर्नु पर्ने देखीन्छ। ह.स.चा :२२ जना, का.स.: १५१ जना गरी जम्मा १७३ जना कराररसेवामा कार्यरत कर्मचारीलाइ समेत पदपुर्ती सख्यामा गणना गरिएको। |
| २ | स्वास्थ्य कार्यालय | १३८ | १०९ | २९ | |
| ३ | अस्पतालहरु | ४४५ | ३१० | १३५ | |
| ४ | आयुर्वेद औषधालय तथा केन्द्रहरु | ७४ | ६८ | ६ | |
| जम्मा | | ७९२ | ५८८ | २०४ | |

तालिका नं. २ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत स्वीकृत दरबन्दी तथा तहगत पदपूर्तिको विवरण

| सि.नं | तह | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| १ | ११औ तह | १० | ८ | २ |
| २ | ९/१०औ तह | ६९ | ३१ | ३८ |

| सि.नं | तह | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| ३ | ७/ ८औ तह | १२४ | ९७ | २७ |
| ४ | ५/६औ तह | २९० | १८३ | १०७ |
| ५ | ४/५औ तह | १०४ | ७६ | २८ |
| ६ | हलुका सवारी चालक | २७ | २६ | १ |
| ७ | कार्यालय सहयोगी | १६८ | १६७ | १ |
| जम्मा | | ७९२ | ५८८ | २०४ |

## स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशको कर्मचारी संगठन संरचना

**निर्देशक**
११ तह (स्वा.हे.ई. १)

**योजना अनुगमन तथा नियमन शाखा**
- ब/ज.स्वा.प्र.९/१० तह (स्वा.हे.ई.) १
- ब/ज.स्वा.अधिकृत तह (स्वा.हे.ई.) १
- डेमोग्राफर/त.अ.७/८ (आ.यो.त./तथ्यांक) १
- तथ्यांक सहायक ५/६ तह (आ.यो.त./तथ्यांक) १

**चिकित्सा अनुगमन तथा नियमन शाखा**
- ब./उप./स्वा.प्रशासक ९/१०तह (स्वा./प.हे.ए/ए.चि.) १
- मेडिकल अधिकृत ८ तह (स्वा./ज.हेस.) १
- इन्टमोलोजिष्ट/ज.स्वा.अ.७/८ तह (स्वा./हे.ई.) १
- ल्याब टेक्निसियन ५/६/७ तह (स्वा./मे.ल्या.टे.) १


**प्रशासन शाखा**
- उपसचिव ९/१० तह(प्र./सा.प्र.) १
- शाखा अधिकृत ७/८ तह (प्र./सा.प्र.) १
- लेखा अधिकृत ७/८ तह (प्र./सा.प्र.) १
- नासु ५/६ तह (प्र./सा.प्र.) २
- लेखापाल ५/६ तह(प्र.लेखा) १
- ह.स.चा. श्रेणी बिहिन(प्र./मे.ई.) २
- का.स.श्रेणी बिहिन(प्र./सा.प्र.) ४

**आयुर्वेद तथा विविध चिकित्सा शाखा**
- ब/क.आ.बि.९/१० तह(स्वा./आ.चि.) १
- कविराज ५/६/७ तह (स्वा./आ.चि.) १


**स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार शाखा**
- ब./स्वा.शि.प्र. ९/१०तह (स्वा./हे.ए.) १
- स्वा.शिक्षा अ.७/८ तह (स्वा./हे.ए.) १

**नर्सिङ सेवा व्यवस्थापन शाखा**
- ब./अ.नर्सिङ प्रशासक ९/१०तह(स्वा./ज.न.) १
- ब./क.न.अ.७/८ तह (स्वा./क.न.) १


**कार्यक्रम समन्वय तथा जनसंख्या व्यवस्थापन शाखा**
- ब./ज.स्वा.प्र.९/१० तह(स्वा.हे.ई.) १
- ब./जनस्वास्थ्य अधिकृत ७/८(स्वा./हे.ई.) १
- डेमोग्राफर/त.अ.७/८ (आ.यो.त./तथ्यांक) १



चित्र नं. २ स्वास्थ्य कार्यालयहरुको स्वीकृत दरवन्दी र पद पूर्ती विवरण



चित्र नं. १ अस्पतालहरुको स्वीकृत दरवन्दी र पद पूर्ती विवरण



चित्र नं. ३ आयुर्वेद कार्यालयहरुको स्वीकृत दरवन्दी र पद पूर्ती विवरण

## गण्डकी प्रदेशमा स्वास्थ्य क्षेत्रको जनशक्तीले प्राप्त गरेका उपलब्धिहरु

- रिक्त रहेका दरवन्दिहरु पदपूर्तीका लागि मुख्यमन्त्रि तथा मन्त्र परिषद्को कार्यालय मार्फत प्रदेश लोक सेवाबाट बिज्ञापन भई केहि पदपुर्ति भएको र केहि पदपुर्तीको प्रक्रियामा रहेको ।
- दरबन्दी बमोजिम विशेषज्ञ जनशक्तीको अभाव हुँदाहुदै पनि नियमित जनचासोका विषय र  नियमित स्वास्थ्य स्वा प्रदान गर्न सफल हुनु ।
- कुल दरबन्दीको करिब ७०% मात्र जनशक्ती उपलब्ध हुदाँ, पनि स्वास्थ्य क्षेत्रमा संचालन गर्नुपर्ने नियमित र आकस्मिक कार्यहरु सम्पन्न गरी जनताको स्वास्थ्य सुरक्षा गर्न सक्नु।
- प्रदेशमा ऐन, नियम, नीति कार्यविधि जस्ता कार्यसम्पादन गर्न अत्यावश्यक पर्ने न्यूनतम् कुराहरु समेत शुन्यबाट सुरु गरी आंशिक व्यवस्थापन गर्न सफल हुनु स्वास्थ्य क्षेत्रमा रहेका क्रियाशिल जनशक्तीको अर्को महत्वपूर्ण उपलब्धि हो ।

## जनशक्ति व्यवस्थापन कार्यक्रमको समस्या,चुनौतीहरु, हालको अवस्था र समाधानका उपायहरु

तालिका नं. ३ जनशक्ति व्यवस्थापन कार्यक्रमको समस्या, चुनौतीहरु, हालको अवस्था र समाधानका उपायहरु

| आ.व २०७८/७९ | | | | | आ.व २०७९/८० | | |
|---|---|---|---|---|---|---|---|
| क्रस | समस्या तथा चुनौती | समाधान उपाय | जिम्मेवारी | कार्यान्वयनको अवस्था | समस्या/ चुनौती | समाधान उपाय | जिम्मेवारी |
| १ | कर्मचारी समायोजन ऐन २०७४ अनुसार कर्मचारी समायोजन हुँदा करिव ५५% मात्रै कर्मचारीले प्रदेश रोजेको र विशेषज्ञ सेवामा एक जना कर्मचारीले पनि गण्डकी प्रदेश नरोजेको | लोक सेवा आयोग मार्फत तत्काल विज्ञापन गरी पदपूर्ति गर्नुपर्ने | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र लोकसेवा आयोग गण्डकी प्रदेश | प्रदेश लोकसेवा मार्फत ६९ नियुक्ति लिएका र ११५ जनाको लोकसेवा माग भएको | अझै जनशक्तिको कमि | लोकसेवा आयोगबाट रिक्त पदपुर्ति गर्नुपर्ने | मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| २ | समय अनुकुल स्वास्थ्य क्षेत्रमा भित्रिएका नविनतम् प्रविधिहरुसंग अभ्यस्त हुन प्राविधिक जनशक्तीलाई प्रयाप्त पुनर्ताजगी तालिमको कमी | स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई स्वास्थ्य तालिम केन्द्र मार्फत नविनतम प्रविधिसँग अव्यस्त हुन सक्ने गरी थप तालिमको व्यवस्था गर्ने | संघ तथा प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा सहयोगी साझेदारी स्वास्थ्य संस्थाहरु | तालिम केन्द्रबाट विभिन्न तालिमहरु संचालन भएको | प्रबिधि मैत्री नभएको | विशिष्ट प्रकारको तालिम प्रदान गर्नुपर्ने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य तालिम केन्द्र |
| ३ | प्रदेश स्तरिय कार्यालयहरु, जिल्ला स्वास्थ्य कार्यालय तथा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मातहत रहेका सम्पुर्ण कार्यालयहरुको | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, स्वास्थ्य | विशेषज्ञ सेवाको चिकित्सक | सबै जनशक्ति पदपूर्ति नभएको | १) प्रदेश लोक सेवा आयोगबाट क्रमश पदपूर्तिको लागि माग | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, |

| आ.व २०७८/७९ | | | | | आ.व २०७९/८० | | |
|---|---|---|---|---|---|---|---|
| क्रस | समस्या तथा चुनौती | समाधान उपाय | जिम्मेवारी | कार्यान्वयनको अवस्था | समस्या/ चुनौती | समाधान उपाय | जिम्मेवारी |
| | जिल्ला अस्पतालहरुमा पद अनुसारका विशेषज्ञ जनशक्तीहरुको अभाव हुनु | संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी अनावश्यक दरबन्दीहरुको कटौती र अत्यावश्यक विशेषज्ञ तथा अन्य दरबन्दी सृजना गरी कार्यान्वयनमा ल्याउने | तथा जनसंख्या मन्त्रालय र लोकसेवा आयोग गण्डकी प्रदेश | लोकसेवा आयोगबाट सिफारिस भइ नियुक्ति भएको | | आकृति फाराम भरी पठाई पदपूर्ति गर्ने । (२) हालको दरवन्दी तेरिजमा पर्याप्त जनशक्तिको व्यवस्था नभएको हुँदा पर्याप्त जनशक्ति व्यवस्थापनको लागि हालको जनसंख्या र स्वास्थ्य संस्थाहरुले दिने सेवाहरुको विश्लेषण गरी समय सापेक्ष संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्नुपर्ने । (३) अध्ययन विदामा गएका जनशक्तिको सट्टामा सेवा करारमा जनशक्ति पदपूर्ति गर्न सकिने गरी प्रदेश स्वास्थ्य सेवा ऐन जारी गर्नुपर्ने | सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय |

| आ.व २०७८/७९ | | | | | आ.व २०७९/८० | | |
|---|---|---|---|---|---|---|---|
| क्रस | समस्या तथा चुनौती | समाधान उपाय | जिम्मेवारी | कार्यान्वयनको अवस्था | समस्या/ चुनौती | समाधान उपाय | जिम्मेवारी |
| ४ | संघ, प्रदेश र स्थानियतहमा कार्यरत जनशक्ती बिच समन्वय र सहकार्यको लागि स्पष्ट नीतिगत व्यवस्थामा समस्या । | संघीय मन्त्रालय देखि आधारभुत स्वास्थ्य संस्थासम्म समंन्वय र सहकार्यको लागि तह अनुसार आवश्यक कानुनी र स्पष्ट नीतिगत व्यवस्था गर्ने | सघीय सरकार तथा गण्डकी प्रदेश सरकार | नीतिगत व्यवस्था नभएको | संघ, प्रदेश र स्थानियतहमा कार्यरत जनशक्ती बिच समन्वंय र सहकार्यको लागि स्पष्ट नीतिगत व्यवस्थामा समस्या । | संघिय मन्त्रालय देखि आधारभुत स्वास्थ्य स्थासम्म समंन्वय र सहकार्यको लागि तह अनुसार आवस्यक कानुनी र स्पष्ट नीतिगत व्यवस्था गर्ने (संघिय निजामति सेवा ऐन) | संघिय तथा प्रदेश सरकार |
| ५ | कर्मचारीहरुको सेवा शर्त र सुविधा सम्बन्धि कानुन बन्न नसक्नु | प्रदेश निजामती सेवा ऐन जारी गरी कार्यान्वयनमा ल्याउने | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश | प्रदेश निजामती सेवा ऐन जारी भएको | प्रदेशसरकार बाट स्विकृत भएका दरबन्दि लोकसेवा आयोगबाट पदपुर्ती हुन नसकेको | तत्काल पद दर्ता गरी पदपुर्ती गर्नु पर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,<br><br>सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय |

| यस आ.व २०७९/८० मा थप | | | |
|---|---|---|---|
| क्र | समस्या तथा चुनौती | समाधान उपाय | जिम्मेवारी |
| १ | आयुर्बेद जनशक्ति अभाव - दरवन्दी तेरिज मै कम भएको | संघ, प्रदेश तथा स्थानीय तहसंग समन्वय गरि करारमा कर्मचारी भर्ना गर्ने | सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय |

| यस आ.व २०७९/८० मा थप | | | |
|---|---|---|---|
| क्र | समस्या तथा चुनौती | समाधान उपाय | जिम्मेवारी |
| | | ONM का लागि आयुर्बेद विभाग संग समन्वय गर्ने | र स्वास्थ्य निर्देशनालय |
| २ | आयुर्बेद सम्बन्धि तालिमको व्यवस्था नहुनु | तालिमको कार्य योजना तयार गरि स्वास्थ्य निर्देशनालय र तालिम केन्द्र संग समन्वय गर्ने | सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय |
| ३ | प्रादेशिक स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्र (PHEOC) का लागि आबश्यक कर्मचारीको व्यवस्था नभएको | स्थायी कर्मचारीको नेतृत्वमा करारमा कर्मचारी भर्ना गरि केन्द्र संचालन गर्नुपर्ने | सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय |
| ४ | ICU संचालन गर्न दक्ष जनशक्तिको अभाव | दक्ष जनशक्तिको लागि उचित सेवा सुबिधा प्रदान गर्ने | प्रदेश सरकार |
| ५ | नयाँ नियुक्ति भै आएका सबै स्वास्थ्यकर्मी हरुलाई खोप सम्बन्धी अभिमुखीकरण कार्य संचालन गर्नु पर्ने | आधारभुत तालिम नपाएका सबै स्वास्थ्यकर्मीहरुलाई खोपको आधारभूत तालिमको व्यवस्था | -स्वा.से,बि., परिवार कल्याण महाशाखा<br>-प्रदेश सरकार, -स्थानीय तह |